बैठक संख्या:

श्री

आज मिति २०८२ साल मार्ग २८ गते दिउसो १:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री बाबुराम पौडेल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | श्री पुष्कर काफ्ले, वरिष्ठ प्रशासकीय अधिकृत | |
| २९. | | श्री विष्णुलाल पुरी, वरिष्ठ लेखा अधिकृत | |
| ३०. | | श्री कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |

प्रस्तावहरु :

१. बजेट बाँडफाँड तथा अनुमोदन सम्बन्धमा ।
२. विविध ।
   क) बर्दघाट नगरपालिकाको "सामाजिक स्वास्थ्य सेवा स्थापना तथा सञ्चालन कार्यविधि, (पहिलो संशोधन) २०८२ सम्बन्धमा ।
   ख) भुताहा क्षेत्रको फोहोर संकलन केन्द्र स्थानान्तरण तथा व्यवस्थापन सम्बन्धमा ।
   ग) सम्झौताको म्याद थप सम्बन्धमा ।
   घ) अनुमोदन सम्बन्धमा ।
   ङ) बाउन घोला पुलको Detail Project Report (DPR) सम्बन्धमा ।
   च) साम्दायिक विद्यालयमा ITERACTIVE SMART BOARD खरिद सम्बन्धमा ।
   छ) स्वयमसेविकालाई प्रोत्साहन स्वरुप मोवाइल हस्तान्तरण सम्बन्धमा ।
   ज) नगर प्रहरीको महँगी भत्ता सम्बन्धमा ।
   झ) अनुगमन समिति र न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।
   ञ) बधाई तथा शुभकामना ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

निर्णय नं. १

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८२/०८३) **लघुउद्यम मोडेलमा महिला उद्यमशिलता तालिम तथा सिप विकास एडभान्स तालिम नारी आवाज संस्था ४ महिला अधिकार मंच १४ र १५** शीर्षकमा (ब.सि.नं. ९१२) मा छुट्टाईएको बजेट रु ५,००,०००/- (रुपैया पाच लाख मात्र) रकमबाट व्यवस्थापन खर्च माग भई आएकोले माग वमोजिमको देहाय वमोजिमको रकम उपलब्ध गराउने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | नारी आवाज बर्दघाट नवलपरासी | ४ | २,००,०००.० | माग वमोजिम | |
| २. | महिला अधिकार मञ्च | १४ | १,५०,०००.० | माग वमोजिम | |
| ३. | महिला अधिकार मञ्च | १५ | १,५०,०००.० | माग वमोजिम | |

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८२/०८३) **महिला शसक्तिकरणका लागी क्षमता बिकास तालिम तथा सिप बिकासतालिम, प्रबिधि हस्तान्तरण कार्यक्रम पन्चनगर महिला कृषि संस्था १०, उत्साह नेपाल संस्था ४, महिला अधिकार संगठन १६, नेपाल आमा समूह, बर्दघाट-४** शीर्षकमा (ब.सि.नं ८९९) मा छुट्टाईएको बजेट रु ४,००,०००/- (रुपैया चार लाख मात्र) रकमबाट व्यवस्थापन खर्च माग भई आएकोले माग वमोजिमको देहाय वमोजिमको रकम उपलब्ध गराउने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | पञ्चनगर महिला कृषि संस्था | १० | १,००,०००.० | माग वमोजिम | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | उत्साह नेपाल संस्था | ४ | १,००,०००.० | माग वमोजिम | |
| ३. | महिला अधिकार संगठन | १६ | १,००,०००.० | माग वमोजिम | |
| ४ | नेपाल आमा समूह | ४ | १,००,०००.० | माग वमोजिम | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) विजयपुर अधुरो नाला तथा पि. सि. सि. **ढलान** शीर्षकमा (ब.सि.नं. ६००) छुट्याइएको बजेट रु ४,५०,०००/- (रुपैया चार लाख पचास हजार मात्र) बाट नाला निर्माण गर्न रकम अपुग भएकोले देहायवमोजिमको नाम संशोधन गरी कार्य सञ्चालन गर्ने र सो को अनुमोदन आगामी नगरसभाबाट गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | विजयपुर अधुरो पि. सि. सि. ढलान | ११ | ४,५०,०००.० | नाम संशोधन | |

घ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **मर्मत सम्भार कोष** शीर्षकमा (ब.सि.नं १९५) मा छुट्टाईएको बजेट रु ७१,५०,०००/- (रुपैया एकहत्तर लाख पचास हजार मात्र) रकमबाट नगरपालिकाभित्रका जीर्ण भएका विभिन्न कालोपत्रे सडक मर्मतमा देहायवमोजिम रकम विनियोजन गरी मर्मत कार्य गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | कालोपत्रे सडक मर्मत | नपा | ५०,००,०००.० | नगरभित्रका सडक | |
| २ | रामजानकीमा शिवलिङ्गको लागि पूर्वाधार निर्माण | १३ | २,००,०००.० | बजेट माग | |
| ३ | जितपुर प्राविमा खाल्डा खुल्डि पुर्ने कार्य | ५ | १,५०,०००.० | बजेट माग | |
| ४ | जितपुर मुसहर वस्तीमा आवास कार्यक्रम | ५ | ३,५०,०००.० | बजेट माग | |
| ५ | भटौलिया तिनकुने ह्याचरी लगुनाहा जोड्ने बाटो ग्राभेल | १२ | ५,००,०००.० | बजेट माग | |

ङ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **नागरिकको लागत साझेदारीका आयोजनाहरुमा नगरको साझेदारी** शीर्षकमा (ब.सि.नं १८९) मा छुट्टाईएको बजेट रु ६५,००,०००/- (रुपैया पैसठ्ठि लाख मात्र) रकमलाई ७०/३० को साझेदारीमा देहाय वमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | हरियाली टोल नाला तथा बाटो स्तरीकरण | ४ | १०,३६,०००.० | लागत साझेदारीमा | |
| २ | बाढीपिडित खेलमैदान मर्मत तथा स्तरोन्नती | ४ | ३,००,०००.० | लागत साझेदारीमा | |
| ३ | चमरगढीया खोलामा तटवन्धन कार्य | ६ | ५,००,०००.० | लागत साझेदारीमा | |

निर्णय नं २ विविध॰

क) बर्दघाट नगरपालिकाको "**सामाजिक स्वास्थ्य सेवा स्थापना तथा सञ्चालन कार्यविधि, (पहिलो संशोधन) २०८२**" स्वीकृत गर्ने ।

ख) बर्दघाट नगरपालिका वडा नं ८, ९, १० र ११ को दैनिक संकलन हुने फोहोरलाई पञ्चनगर वजार विकास समितिले बर्दघाट-१० स्थित आम्वास र संसारकोट जाने सडकको छेउमा संकलन तथा व्यवस्थापन गर्दै आएकोमा हाल उक्त क्षेत्र बर्दघाट नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको सिमसार क्षेत्रको नजिकै रहेको कारण सो क्षेत्रमा दुर्गन्धित फैलिनुका साथै वरपर फोहोर छरपष्ट फैलिएकोहुदा स्थानीय सरोकारवालाहरुको सामुहिक छलफलबाट संसारकोट सामुदायिक वनसँग समन्वयमा अन्यत्र भैरहेको स्थानबाट १ (एक) कि मि उत्तरतर्फ स्थानान्तरण गर्न सम्बन्धित वडाको सिफारिसमा रकम माग भई आएकोले सो कार्यको लागि सेनेटरी ल्याण्डफिल साइट निर्माण (फोहोरमैला संकलन केन्द्र स्थल निर्माण) शिर्षक नं १०५४ मा विनियोजन भएको रकममध्येबाट रु २,५०,०००.०(दुइ लाख पचास हजार मात्र) रकम विनियोजन गर्ने ।

ग) शिक्षा क्षेत्रको ससर्त कार्यक्रमतर्फ (इन्स्योर परियोजना) आ.व. २०८०/०८१ मा छनोट भई चालु आ.व.मा प्रशिक्षणरत कार्यगत अभ्याससहितको तालिम सञ्चालन निरन्तरताअन्तर्गत कार्यगत अभ्याससहितको तालिम सञ्चालन कार्यक्रम Professional Welder तालिम (१९९६ घण्टे, तह-२) सञ्चालनका लागि पञ्चकन्या ट्रेनिङ्ग इन्स्टिच्यूट प्रालि, कास्कीसँग मिति २०८१/१/२६ मा सम्झौता भई सम्पन्न गर्ने गरी कार्यक्रम सुरु भइ (प्रथम पटक) थप गरी सम्झौताको अवधि २०८२/०८/१५ गते समाप्त भएको छ। सम्झौतामा सिप परीक्षणको नतिजा प्रकाशन पश्चात् अन्तिम भुक्तानी दिने प्रावधान वमोजिम तालिम प्रदायक संस्थाले सिप परीक्षण कार्य सम्पन्न गरी सकेको र सिप परिक्षणको नतिजा आउन बाँकी रहेकोले सम्झौताबमोजिम समय भित्र कार्यसम्पन्न हुन नसकिने भनि सम्झौताको म्याद थप गरी पाँउ भनि मिति २०८२/०८/१२ मा निवेदन पेस गरेकोले २०८२/०९/२९ गते सम्मका लागि (दोस्रो पटक) म्याद थप गर्ने निर्णय गरियो ।

घ) चालु आ.व. २०८२/८३ मा वार्षिक नगर विकास योजनामा शिक्षा तर्फको स्वीकृत कार्यक्रम नगर प्रमुख १२ अभियान अन्तर्गत नगर प्रमुख स्तरीय निर्णयबाट मिति २०८२/०८/०६ देखि ८ सम्म सञ्चालित *शिक्षक विद्यार्थी तथा अभिभावकमा व्यावहारिक उत्प्रेरणा एवम् साङ्गितिक प्रार्थना व्यवस्थापन कार्यक्रम* तथा कार्यक्रमको खर्च रु. २,९८,३२० अनुमोदन गर्ने निर्णय गरियो।

ङ) चालु आर्थक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) **बाउन घोलमा पुल निर्माण** शीर्षकमा (ब.सि.नं २७५ र ४६४) मा छुट्टाईएको बजेट रु ५०,००,०००/- (रुपैया पचास लाख मात्र) रकमबाट पूर्वाधार निर्माणको लागि आवश्यक पर्ने Detail Project Report (DPR) निर्माण गर्न देहाय वमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | Detail Project Report (DPR) तयार गर्ने । | ६ | १०,००,०००.० | पुल निर्माण गर्ने | |

च) चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारबाट हस्तान्तरीत कार्यक्रम विशेष अनुदानतर्फ सामुदायिक विद्यालयमा सूचना प्रविधि मैत्रि शिक्षण सिकाइ क्रियाकलाप सञ्चलन तथा कक्षा कोठा व्यवस्थापन शिर्षक सि नं १०५२ मा प्राप्त बजेट रु १,६४,००,०००/- (रुपैया एक करोड चौसठ्ठि लाख मात्र) रकमबाट ITERACTIVE SMART BOARD खरिद गरी वितरण गर्ने ।

छ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८२/०८३) महिला स्वयमसेविका मोवाइल खर्च शीर्षकमा (ब.सि.नं १६५) मा छुट्टाईएको बजेट रु ६,६०,०००/- (रुपैया छ लाख साठी हजार मात्र) रकमबाट खरिद गरिएको थान-४४ मोवाइल फिर्ता नहुने गरी महिला स्वयमसेविकालाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

ज) बर्दघाट नगरपालिकामा कार्यरत नगर प्रहरीहरुलाई नेपाल सरकारबाट वृद्धि भएको महंगी भत्ता उपलब्ध गराउने ।

झ) बर्दघाट नगरपालिकाका उपप्रमुख श्री रुद्र प्रकाश उपाध्यायबाट पेश भएको अनुगमन समिति र न्यायिक समितिको पहिलो चौमासिक प्रतिवेदन अनुमोदन गर्ने।

ञ) नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान रोहित पौडेलले हालै सम्पन्न नेपाल प्रिमियर लिग (NPL) मा लुम्बिनी लायन्सको कप्तानी गर्दै टोलीलाई च्याम्पियन बनाउदै आफ्नो टोलीलाई उपाधि दिलाउन महत्त्वपूर्ण भूमिका खेलेकोमा हार्दिक बधाई तथा उज्जल भविष्यको कामना व्यक्त गर्ने ।